**२०७९ साल असार ०१ गते बुधबार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** जग्गा एकीकरण सम्बन्धी नियमावली, २०७९ स्वीकृत गर्ने,

२. **आर्थिक मामिला तथा सहकारी मन्त्रालयः** प्रदेश विनियोजन विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने,

३. **आर्थिक मामिला तथा सहकारी मन्त्रालयः** प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने,

४. **आर्थिक मामिला तथा सहकारी मन्त्रालयः** "प्रदेश सरकारको आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्य सहितको राजश्व र व्ययको अनुमान" प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने,

५. **आन्तरिक मामिला तथा संचार मन्त्रालयः** अस्थायी आवास निर्माण, पुनः निर्माण र पुनःस्थापनाका लागि जिल्ला विपद् व्यवस्थापन कोषमा (गुल्मी र रोल्पा) रकम पठाउने,

६. **शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालयः** प्रदेश खेलकुद विकास (पहिलो संशोधन) अध्यादेश, २०७८ को प्रस्तिस्थापन विधेयक प्रदेश सभासमक्ष पेश गर्न स्वीकृति दिने,

७. **स्वास्थ्य, जनसंख्या तथा परिवार कल्याण मन्त्रालयः** आईसोलेसन अस्पतालहरुको सेवा निरन्तरता र अस्पतालमा कार्यरत जनशक्तिको म्याद २०७९ असार मसान्त सम्म थप गर्ने,

८. कानून, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको प्रदेश सचिव पदमा नेपाल कानून सेवा रा.प.प्रथम श्रेणीको दरबन्दी कायम रहेकोमा उक्त दरबन्दीलाई हटाई सो को सट्टामा नेपाल प्रशासन सेवा रा.प.प्रथम श्रेणीको प्रदेश सचिव रहने गरी दरबन्दी कायम गर्ने साथै अर्को व्यवस्था नभए सम्मका लागि उक्त मन्त्रालयको प्रदेश सचिव पदमा आन्तरिक मामिला तथा संचार मन्त्रालयमा कार्यरत प्रदेश सचिव (रा.प.प्रथम श्रेणी, प्रशासन सेवा) श्री कोमल प्रसाद धमलालाई थप जिम्मेवारी सहित कामकाज गर्न तोक्ने ।

९. स्वास्थ्य, जनसंख्या तथा परिवार कल्याण राज्यमन्त्री माननीय विमला कुमारी खत्रीका सम्बन्धमा विभिन्न छापा तथा विद्युतीय सञ्चार माध्यममा प्रकाशित समाचार एवम् विषयवस्तुका सम्बन्धमा सत्य तथ्य बुझी छानविन गरी १५ दिन भित्र प्रदेश सरकार समक्ष प्रतिवेदन पेश गर्न देहाय बमोजिम छानविन समिति गठन गर्नेः

<u>देहायः-</u>

i. आन्तरिक मामिला तथा संचार मन्त्री माननीय तिलकराम शर्मा - संयोजक
ii. कानून, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री माननीय रमा घर्ती - सदस्य
iii. मुख्यन्यायाधिवक्ता श्री श्रीकृष्ण सुवेदी - सदस्य